# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११ ]काठमाडौं, फाल्गुन १५ गते २०१८ साल [ संख्या ४५

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (समय समयमा भएका संशोधनहरू सहीत) को दफा २ र ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेकोछ।

निम्नलिखित अध्यक्ष र सदस्यहरू भएको पाल्पा विशेष अदालत गठन गरेको छ।

१. पाल्पा गौंडाका बडाहाकिम - - - - - - - - - - - - अध्यक्ष

२. जिल्ला अदालतका जिल्ला न्यायाधीश - - - - - - - - - - - सदस्य

३. पाल्पा मालका हाकिम - - - - - - - - - - - - - - - - सदस्य

सो अदालतले पाल्पा गौंडा इलाकाभित्र जहाँसुकै ठाउंमा आफ्नो इजलास कायम गर्न सक्नें छ।

गत माघ २२ गते पाल्पा जेलका कैदीहरूले हल गरी जेलबाट बाहिर निस्की पुलिसको राइफल तथा खजानासमेत खोसी भागेकोमा भाग्ने भगाउने र पालो बस्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्तिहरूसमेतउपरको सम्बन्धमा मुद्दा हेरी किनारा लगाउनलाई उक्त विशेष अदालत लाई सुम्पेको छ।

आज्ञाले–
मे. ज. क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव।
गृह मन्त्रालय

श्री ५ को सरकार
गृह मन्त्रालयको
सूचना

निजामती सेवा नियमावली, २०१३ को अनुसूची १ को नम्बर ३२ बमोजिम श्री ५ को सरकारले पर्यटन विभागका डाइरेक्टरलाई सोही नियमावलीको सनुसूची १ मा समावेश गरेको छ।

आज्ञाले–
क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव।
गृह मन्त्रालय

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।